## प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

कार्यालयको नामः श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा

अवधिः २०८० चैत्र १ देखि २०८१ असार समान्तसम्म

### १. निकायको स्वरुप र प्रकृति

बागमती प्रदेश सरकारको मिति २०७८/०८/१५ को निर्णयानुसार साविकमा सामाजिक विकास मन्त्रालयबाट हुँदै आएको श्रम, रोजगार सम्बन्धी कार्यहरु र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सञ्चालन हुँदै आएका यातायात व्यवस्था सम्बन्धी कार्यहरु समेटी श्रम, रोजगार तथा यातायात मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य कार्यहरुमा प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण तथा सवारीचालक अनुमति र नवीकरण सम्बन्धी कार्य, सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन, अनुसन्धान, कार्यान्वयन तथा नियमन लगायतका कार्यहरु पर्दछन्। बढ्दो जनसंख्या, सवारी चालक अनुमतिपत्र लिने सेवाग्राहीको बढ्दो संख्या, देशको आर्थिक गतिविधि, नागरिकको आयस्तर र भौतिक पूर्वाधारको विकासको बढ्दो पहुँचको तुलनामा हाल रहेका यातायात व्यवस्था कार्यालयहरुको संख्या न्यूननै रहेको सन्दर्भमा कार्यालयहरुको कार्य बोझ, भौगोलिक सहजता र प्रशासनिक सुगमता समेतलाई मध्यनजर गरी यस मन्त्रालयको स्थापना गरिएको हो।

### २. निकायको काम, कर्तव्य र अधिकारः

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार यस मन्त्रालयको काम, कर्तव्य र अधिकारहरू यस प्रकार रहेको छन्।

| सि.नं. | जिम्मेवारी |
|---|---|
| १ | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| २ | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| ३ | सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन, अनुसन्धान, कार्यान्वयन तथा नियमन |



प्रदेश सचिव

| | |
|---|---|
| ४ | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर समायोजन तथा निर्धारण र अनुगमन एवम् नियमन |
| ५ | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| ६ | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्वन्धी योजना निर्माण र कार्यान्वयन |
| ७ | श्रम तथा रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् स्थानीय सरकारसँग समन्वय |
| ८ | श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन |
| ९ | श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| १० | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ११ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण |
| १२ | कार्यस्थल सुरक्षा, कल कारखाना निरीक्षण तथा नियमन |
| १३ | प्रदेश तहमा सडक सुरक्षा सम्बन्धी नीति, योजना निर्माण, कार्यान्वयन तथा अनुगमन |
| १४ | ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण |

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचना

स्वीकृत संगठन तथा व्यवस्थापन सवेक्षण अनुसार यस मन्त्रालयको संगठन संरचना यस प्रकार रहेको छ।

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

## सङ्गठन संरचना

बागमती प्रदेश सरकार
रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

**मन्त्री**

- **निजी सचिवालय**
  - अधिकृत-१ (सातौं/आठौं, प्रशासन, सा.प्र.)
  - सहायक/अधिकृत-१ (पाँचौं/छैठौं, प्रशासन, सा.प्र.)

**प्रदेश सचिव**
(रा.प.प्रथम/अधिकृत एघारौं, प्रशासन-१)
सहायक/अधिकृत-१
(पाँचौं/छैठौं, प्रशासन, सा.प्र.)

### प्रशासन, योजना तथा अनुगमन महाशाखा
महाशाखा प्रमुख-१(नवौं/दशौं, प्रशासन, सा.प्र.)

- **प्रशासन योजना तथा अनुगमन शाखा**
  - अधिकृत-१ (सातौं/आठौं, प्रशासन, सा.प्र.)
  - सहायक/अधिकृत-२ (पाँचौं/छैठौं, प्रशासन, सा.प्र.)
  - स.क.अ./कम्प्युटर अपरेटर/-१ (चौथौं/पाचौं, विविध)
  - सहायक १ (चौथौं/पाचौं, प्रशासन, सा.प्र.)
  - ह.स.चा.-४
  - कार्यालय सहयोगी-५
- **आर्थिक प्रशासन शाखा**
  - लेखा अधिकृत-१ (सातौं/आठौं, प्रशासन, लेखा)
  - सह-लेखापाल-१ (सहायक चौथो/पाचौं, प्रशासन, लेखा)
- **कानून शाखा**
  - कानून अधिकृत-१(रा.प.तृतीय, न्याय, कानून)

### श्रम, रोजगार तथा यातायात व्यवस्था महाशाखा
महाशाखा प्रमुख-१ (नवौं/दशौं प्रशासन, सा.प्र.)

- **यातायात शाखा**
  - अधिकृत-१ (सातौं/आठौं, प्रशासन, सा.प्र.)
  - स.क.अ./कम्प्युटर अपरेटर/-१ (चौथौं/पाचौं, विविध)
  - सहायक/अधिकृत-१ (पाँचौं/छैठौं, प्रशासन, सा.प्र.)
- **सूचना प्रविधि शाखा**
  - कम्प्युटर ईन्जिनियर-१ (सातौं/आठौं, इन्जि./ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन)
  - कम्प्युटर प्रोग्रामर-१ (सातौं/आठौं, विविध)
  - स.क.अ./कम्प्युटर अपरेटर/-१ (चौथौं/पाचौं, विविध)
- **श्रम तथा रोजगार शाखा**
  - अधिकृत-१ (सातौं/आठौं, प्रशासन, सा.प्र.)
  - सहायक/अधिकृत-१ (पाँचौं/छैठौं, प्रशासन, सा.प्र.)

### प्राविधिक महाशाखा
महाशाखा प्रमुख-१(नवौं/दशौं, इन्जि.,मेका.,ज.मे.)

- **प्राविधिक शाखा**
  - मेकानिकल ईन्जिनियर-१ (सातौं/आठौं, इन्जि.,मेका.,ज.मे.)
  - मेकानिकल सुपरभाइजर/अधिकृत-१ (पाचौं/छैठौं, इन्जि.,मेका.,ज.मे.)

**दरबन्दी सारांश (३४)**
- प्रदेश सचिव, रा प प्रथम, प्रशासन/सा.प्र.-१
- अधिकृत नवौं/दशौं, प्रशासन/सा.प्र.-२
- सि.डि.ई. नवौं/दशौं, इन्जि./मेका./ज.मे.-१
- मेकानिकल इन्जिनियर, सातौं/आठौं, इन्जि./मेका./ज.मे.-१
- कम्प्युटर इन्जिनियर, सातौं/आठौं, विविध-१
- कम्प्युटर प्रोग्रामर, सातौं/आठौं, विविध-१
- अधिकृत सातौं/आठौं, प्रशासन/सा.प्र.-४
- कानून अधिकृत, रा.प.तृतीय, न्याय/कानून-१
- लेखा अधिकृत, सातौं/आठौं, प्रशासन/लेखा-१
- सहायक/अधिकृत (प्रशासन), पाचौं/छैठौं, प्रशासन/सा.प्र.-६
- सहायक कम्प्युटर अपरेटर/कम्प्युटर अपरेटर, चौथो/पाचौं, विविध-३
- मेकानिकल सुपरभाइजर/अधिकृत, पाचौं/छैठौं, इन्जि./मेका./ज.मे.-१
- सह-लेखापाल, चौथो/पाचौं, प्रशासन/लेखा-१
- सहायक (प्रशासन), चौथो/पाचौं, प्रशासन/सा.प्र.-१
- हलुका सवारी चालक ४
- कार्यालय सहयोगी-५



प्रदेश सचिव

बागमती प्रदेश सरकार
रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

४. **निकायबाट प्रदान गर्ने सेवा**

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकिएको कार्यक्षेत्रहरू

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकिएको कार्यक्षेत्रभित्रका सेवाहरू स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरूबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ।

| क.सं. | कर्मचारीको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | बलराम निरौला | प्रदेश सचिव | - |
| २ | श्याम बहादुर श्रेष्ठ | अधिकृत नवौं | श्रम, रोजगार तथा यातायात व्यवस्था महाशाखा |
| ३ | राम सुन्दर कुसी | सि.डि.इ. मेकानिकल | प्राविधिक महाशाखा |
| ४ | खगेन्द्र पौडेल | अधिकृत आठौं | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ५ | इन्द्र प्रसाद अधिकारी | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ६ | राजेश तामाङ | कानून अधिकृत | कानुन शाखा |
| ७ | अच्चुतम पोखरेल | अधिकृत छैठौं | यातायात शाखा |
| ८ | हेमप्रसाद रुपाखेती | अधिकृत छैठौं | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ९ | नारायणी भट्टराई | सहायक पाचौं | प्रशासन, योजना तथा अनुगमन शाखा |
| १०. | अस्मिता पौडेल | खरिदार | प्रशासन, योजना तथा अनुगमन शाखा |

६. **सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधि**

प्रचलित नियम अनुसार।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकार'**

माननीय मन्त्री, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरूबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

यस मन्त्रालयमा विभिन्न महाशाखा/शाखाहरुबाट गरिएका निर्णयहरू उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरू तथा प्रदेश सचिवस्तरीयबाट भएका निर्णयहरूका सम्बन्धमा उजुरी भएमा प्रदेश सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ।

९. **सम्पादन गरेको कामको विवरण**

(क) सवारी कर र नवीकरण शुल्कको अनलाइन प्रणाली मार्फत भुक्तानी प्रणालीको सुरुवात।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

(ख) अनलाइन पटके प्रणालीको सुरुवात।

(ग) यातायात व्यवस्था कार्यालयहरुको सवारी अभिलेखको डिजिटलाइजेशन तथा आर्किभिङ्गको लागि पूर्वाधारको तयारी सम्पन्न भएको।

(घ) यातायात व्यवस्था कार्यालय, काभ्रेपलाञ्चोक स्थापनाको लागि बनेपा नगरपालिकासँग भवन प्रयोग गरी सेवा प्रवाहको सुरुवात गरिएको।

(ङ) सवारी चालक अनुमतिपत्र आवेदन र शुल्क भुक्तानी अनलाइन प्रणाली मार्फत हुने व्यवस्था मिलाइएको।

(च) यातायात व्यवस्था कार्यालय, मोटरसाईकल, गुर्जुधाराको भवन निर्माणको लागि विस्तृत लागत योजना तयार हुँदै।

(छ) यातायात व्यवस्था कार्यालय, हेटौडा, भरतपुर र भक्तपुरको लागि भवन निर्माणको लागि जग्गा प्राप्तीको प्रक्रियामा रहेको।

(ज) यातायात सेवा कार्यालय, खुर्कोटबाट सवारी चालक अनुमती पत्रको परिक्षा सञ्चालन गरी सेवा प्रवाह सुरुवात गरिएको। **सूचना अधिकारी र प्रमुखको नाम र पद**

**प्रदेश सचिवः** बलराम निरौला, प्रदेश सचिव

**सूचना अधिकारीः** खगेन्द्र पौडेल, अधिकृतस्तर आठौं

**१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

(क) प्रदेश श्रम तथा रोजगार नीति २०८०

(ख) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५

(ग) विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली २०७८

(घ) प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली २०७८

(ङ) कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४

(च) सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४

**नोटः** प्रस्तुत विवरण श्रम रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेश हटौंडा मकवानपुरको वेवसाइट https://molet.bagmati.gov.np मा समेत हेर्न सकिन्छ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

.......................

**१३. अन्य विवरण**

मन्त्रालयको वेवसाइटः https://molet.bagmati.gov.np

मन्त्रालयको सम्पर्क नम्बरः ०५७-५९०३६२



प्रदेश सचिव